# रावा बेसी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हरमटार, कुभिण्डे, खोटाङ
स्था- २०७३

## सेवा करारमा पदपूर्ती सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मितिः २०७9/05/०२)

यस रावा बेसी गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि रोजगार सहायक पद १ (एक) आवश्यक भएको हुँदा खुला प्रतिस्पर्धा करारमा पदपूर्तीका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस रावा बेसी गाउँ पालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक पदहरुः**

| क्र स | विज्ञापन | पद | श्रेणी/तह | माग संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०७९/०८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ |

१. **आवश्यक न्युनतम योग्यता र अनुभव :**

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र तह वा सोसरह उत्तीर्ण गरेको,

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

ग. आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम प्राप्त गरेको,

२. **दरखास्त दिने स्थानः** रावा बेसी गाउँपालिकाको कार्यालय हरमटार, कुभिण्डे खोटाङ

३. **दरखास्त दिने अन्तिम मितिः** २०७९/०५/१६ गते कार्यालय समयभित्र ।

४. **आवेदनको दस्तुरः रु ५००/- (पाँच सय मात्र)**

५. **छनौटको किसिमः** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ती सम्बन्धी मापदण्ड २०७८ बमोजिम (प्रारम्भिक सूची, सेवा सम्बन्धी र कम्प्यूटर सीप परिक्षण सम्बन्धी) हुनेछ । (पाठ्यक्रम सम्बन्धी विस्तृत जानकारीका लागी गाउँपालिकाको Website वा प्रधानमन्त्री रोजगार कार्यक्रम (PMEP) मा स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ती सम्बन्धी मापदण्ड २०७८ बाट डाउनलोड गर्न सकिनेछ)

६. **आवेदन तथा संलग्न कागजातहरुः**

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि (ख) शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि

(ग) तालिम प्रमाणपत्र प्रमाणित प्रतिलिपि (घ) अनुभव पत्रको प्रमाणित प्रतिलिपि

(ङ) चारित्रीक प्रमाणपत्रको प्रतिलिपि (च) २ प्रति पासपोर्ट साइजको फोटो

७. **सेवा सुविधा तथा अन्य :** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ती सम्बन्धी मापदण्ड २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

**नोटः** *दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयभित्र दरखास्त पेश गर्न सकिनेछ ।*

०७९/५/१/२

रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत